# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### मुलुकी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : मुलुकी ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मुलुकी (एघारौं संशोधन) ऐन, २०५८" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मुलुकी ऐन दण्ड सजायको महलमा संशोधन : मुलुकी ऐन (यसपछि "मूल ऐन" भनिएको) को दण्ड सजायको महलको ११क. नम्बरको दफा ३ पछि देहायको दफा ४ थपिएको छ :-

"विहावरीको महलको १० नम्बर बमोजिम सजाय हुनेमा माथि २ दफा बमोजिमको व्यवस्था लागू हुने छैन ........................................................................... ४"

३. मूल ऐन लोग्ने स्वास्नीको महलमा संशोधन : मूल ऐन लोग्ने स्वास्नीको महलको,-

(१) १ नम्बरको पहिलो हरफमा रहेका "१० दफामा" भन्ने शब्दहरुको सट्टा "९ दफामा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) १ नम्बरको देहाय दफा १ मा रहेको "शारीरिक" भन्ने शब्दपछि "वा मानसिक" भन्ने शब्दहरु र "प्रपञ्च गरेमा" भन्ने शब्दहरुपछि "वा स्वास्नीलाई निको नहुने यौन सम्बन्धी कुनै रोग लागेमा वा विवाह भएको दश वर्षभित्र स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा वा स्वास्नीले परपुरुषसंग करणी गराएको ठहरेमा" भन्ने शब्दहरु थपिएका छन् र सोही नम्बरको देहाय दफा २ मा रहेको "शारीरिक" भन्ने शब्दपछि "वा मानसिक" भन्ने शब्दहरु र "नपुंसक हुन गएमा" भन्ने शब्दहरुपछि "वा लोग्नेलाई निको नहुने यौन सम्बन्धी कुनै रोग लागेमा वा लोग्नेले परस्त्रीसंग करणी गरेको ठहरेमा" भन्ने शब्दहरु थपिएका छन् ।

(३) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :-

"२ नं. ॥ ॥ स्वास्नीले अर्कोसंग विवाह गरेमा त्यस्तो लोग्ने स्वास्नीको सम्बन्ध स्वत: विच्छेद हुन्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

(४) ३ नम्बरमा रहेका "पोइल नगएको", "आमा पोइल गएको" र "पोइल जाने" भन्ने शब्दहरुको सट्टा क्रमशः "अर्को विवाह नगरेको", "आमाले अर्को विवाह गरेको" र "अर्को विवाह गर्ने" भन्ने शब्दहरु राखिएका छन् ।

(५) ४ नम्बरमा रहेका "त्यो स्वास्नी मरी वा पोइल गै भने" भन्ने शब्दहरुको सट्टा "त्यस्ती स्वास्नी मानिस मरेमा वा निजले अर्को विवाह गरेमा" भन्ने शब्दहरु राखिएका छन् ।

(६) ४क. नम्बरको सट्टा देहायको ४क. नम्बर राखिएको छ :-

"४क. नं. ॥ ॥ यस महलको १ नम्बर बमोजिम लोग्ने र स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा अदालतले निजहरुबीच अंशबण्डा गर्न लगाएर मात्र सम्बन्ध विच्छेद हुने निर्णय गर्नु पर्छ । सम्बन्ध विच्छेद हुने लोग्ने मानिसले नै अंश लिई नसकेको अवस्थामा अदालतले तायदाती माग गरी अंशियारहरुबीच अंशबण्डा गर्न आदेश दिई त्यस्तो लोग्ने मानिसको भागमा पर्ने अंश र सो अंशवाट सम्बन्ध विच्छेद गर्ने स्वास्नी मानिसले पाउने अंशको अन्जाम गरी अंशबण्डा नभएसम्मको लागि त्यस्ती स्वास्नी मानिसको जीविकाको निमित्त मासिक रुपले खर्च भराई दिनु पर्छ। अंशबण्डा भैसकेपछि सम्बन्ध विच्छेद भएकी स्वास्नी मानिसको अंशमा परेको सम्पत्तिमा निजको हक हुनेछ। त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्नेपट्टिका सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो लोग्नेले पाउनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) ४क. नम्बरपछि देहायका ४ख. र ४ग. नम्बरहरु थपिएका छन् :-

"४ख. नं. ॥ ॥ यस महलको ४क. नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्ध विच्छेद हुने स्वास्नी मानिसले अंश नलिई सो बापत लोग्नेसंग वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताको आधारमा वार्षिक वा मासिक खर्च भराई दिनु पर्छ। लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेसम्म मात्र भर्नु पर्छ।

४ग. नं. ॥ ॥ यस महलको १ नम्बर बमोजिम सम्बन्ध विच्छेद भएकोमा दफा ४क. बमोजिम बण्डा गर्नु पर्ने कुनै सम्पत्ति नभई लोग्नेबाट अंश नपाएकी स्वास्नी मानिसले लोग्नेबाट खान लाउन खर्च भराउन चाहेमा र त्यस्तो लोग्नेको आम्दानी आयस्ता भएमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको आयस्ताको आधारमा खान लाउन खर्च भराई दिनु पर्छ। लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेसम्मको लागि मात्र भर्नु पर्छ।"

४. <u>मूल ऐन अंशबण्डाको महलमा संशोधन</u> : मूल ऐन अंशबण्डाको महलको,-

(१) १ नम्बरको सट्टा देहायको १ नम्बर राखिएको छ :-

"१ नं. ॥ ॥ यो नम्बर प्रारम्भ भएपछि अंशबण्डा गर्दा यस महलका अन्य नम्बरहरुको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरुको जीयजीयैको अंश गर्नु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) १ नम्बरपछि देहायको १क. नम्बर थपिएको छ :-

"१क. नं. ॥ ॥ यस महलको १ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि विवाह गरिसकेकी छोरीको अंशबण्डा गर्नु पर्ने छैन।"

(३) ३ नम्बरको सट्टा देहायको ३ नम्बर राखिएको छ :-

"३ नं. ॥ ॥ संग बसेका दाजुभाइका छोराछोरीहरुमा आफ्नो आफ्नो बाबुको मात्र अंश हुन्छ।"

(४) ५ नम्बर को सट्टा देहायको ५ नम्बर राखिएको छ :-

"५ नं. ॥ ॥ अंश नहुँदै लोग्ने वा बाबु मरेमा निजले पाउने अंश स्वास्नी वा छोराछोरीले पाउँछन्।"

(५) ५ नम्बरपछि देहायको ५क. नम्बर थपिएको छ :-

"५क. नं. ॥ ॥ विहावरीको महल बमोजिम विवाह बदर भएकोमा त्यस्ता दम्पतीबाट जन्मिएका छोराछोरीले निजहरुबाट अंश पाउँछन्।"

(६) ८ नम्बर मा रहेको "छोराले" भन्ने शब्दको सट्टा "छोराछोरीले" भन्ने शब्द राखिएको छ।

(७) १० नम्बरको सट्टा देहायको १० नम्बर राखिएको छ :-

"१० नं. ॥ ॥ बाबु आमाको जीउ छउञ्जेल अंश दिन छोराछोरीले बाबु आमालाई वाध्य गराउन सक्ने छैनन्। म अहिले छुट्टिन्न भन्ने छोराछोरीलाई बाबुआमाले कर लगाई छुट्याउन पनि हुँदैन। स्वास्नीले पनि लोग्नेको जीउ छउञ्जेल लोग्नेको मन्जुरी विना अंश लिई छुट्टिन पाउँदैन। लोग्ने वा बाबु आमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकतानुसार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
325

उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्छ। सो नगरे अंश दिनु पर्छ। लोग्ने स्वास्नीको ४ नम्बरमा लेखिएको कुरामा भने सोही बमोजिम हुन्छ।"

(८) १०ख. नम्बरमा रहेको "छोराहरुको" भन्ने शब्दको सट्टा "छोराछोरीहरुको" भन्ने शब्द राखिएको छ।

(९) १०ग. नम्बरको सट्टा देहायको १०ग. नम्बर राखिएको छ :-

"१०ग. नं. ॥ ॥ फैसला बमोजिम अंश, रकम वा खर्च पाउने भएकी स्वास्नी मानिसले अंश, रकम वा खर्च नपाएमा सो व्यहोरा खुलाई मुद्दा छिन्ने अड्डामा दरखास्त दिएमा पक्षहरु उही रहेछन् भने अड्डाले अंश, रकम वा खर्च नदिनेलाई पाँच हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय गरी फैसला बमोजिम यथाशक्य छिटो अंश, रकम वा खर्च दिलाई दिनु पर्छ।"

(१०) ११ नम्बरमा रहेको "छोरा" भन्ने शब्दपछि "छोरी" भन्ने शब्द थपिएको छ।

(११) १२ नम्बरको सट्टा देहायको १२ नम्बर राखिएको छ :-

"१२ नं. ॥ ॥ विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउँछे। सन्तान नभएका विधवा वा विधुरले अर्को विवाह गरेमा निजले आफ्नो अंश आफूखुस गर्न पाउँछन्। सन्तान भएका विधवा वा विधुरले अर्को विवाह गरेमा सन्तान नाबालक भएसम्म त्यस्ता सन्तानको पालनपोषण र शिक्षादिक्षाको व्यवस्था सोही सम्पत्तिबाट गर्नु पर्छ। सो काममा बाहेक त्यस्तो सम्पत्ति बण्डा र बेचबिखन गर्न पाउँदैनन्। सन्तान साबालक भएपछि आफ्नो अंशभाग आफूखुस गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाउँछन् । त्यस्ती विधवाले अर्को विवाह गरी कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्नेपट्टिका कुनै सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो लोग्नेपट्टिको हकवालाले पाउँछ ।"

(१२) १४ नम्बरको ठाउँ ठाउँमा रहेको "छोरा" भन्ने शब्दको सट्टा "छोराछोरी" भन्ने शब्द राखिएको छ ।

(१३) १६ नम्बरको सट्टा देहायको १६ नम्बर राखिएको छ :-

"१६ नं. ॥ ॥ यस महलको अन्य नम्बरहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि अंश लिइसकेकी छोरीको विवाह भएमा निजले खाईलाई बाँकी रहेको सम्पत्ति निजका माइतीपट्टिका हकवालाको हुन्छ ।"

(१४) १९ नम्बरको ठाउँ ठाउँमा रहेका "छोरा" भन्ने शब्दपछि "अविवाहित छोरी" भन्ने शब्दहरु थपिएका छन् ।

(१५) १९ नम्बरपछि देहायको १९क. नम्बर थपिएको छ :-

"१९क. नं. ॥ ॥ भिन्न भएको अविवाहित छोराले आफ्नो अंशमा परेको अचल सम्पत्ति आधाभन्दा बढी बेचबिखन वा आफूखुस गर्दा बाबु आमा जीवित भए बाबु आमाको मञ्जुरी लिनु पर्छ ।"

५. <u>मूल ऐन स्त्री अंशधनको महलमा संशोधन</u> : मूल ऐन स्त्री अंशधनको महलको,-

(१) २ नम्बरमा रहेका "बाबु भए बाबुको" र "छोराहरु भए छोराहरुको" भन्ने शब्दहरुको सट्टा क्रमशः "बाबु आमा भए बाबु आमाको" र "छोरा तथा अविवाहित छोरी भए त्यस्ता छोराछोरीको" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ५ नम्बरको सट्टा देहायको ५ नम्बर राखिएको छ :-

"५ नं. ॥ ॥ स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछन् । ऊ मरेपछि यसले खानु भनी लिखत गरी दिएको रहेछ भने लिखतै बमोजिम हुन्छ । लिखत रहेनछ भने संग बसेका छोराछोरी भए त्यस्ता छोराछोरीले, त्यस्ता छोराछोरी नभए भिन्न बसेका छोराछोरीले, त्यस्ता छोराछोरी पनि नभए लोग्नेले, लोग्ने पनि नभए विवाह भएकी छोरीले, ऊ पनि नभए छोराका छोरा वा अविवाहिता छोरीले र निजहरु पनि नभए हकवालाले पाउँछन् ।"

(३) ७ नम्बरमा रहेका "करणीमा बिग्रिछ" भन्ने शब्दहरुको सट्टा "विवाह गरिछ" भन्ने शब्दहरु राखिएका छन् ।

(४) ८ नम्बरमा रहेका "करणी प्रकाश भएका मितिले" भन्ने शब्दहरुको सट्टा "अर्को विवाह भएको मितिले" भन्ने शब्दहरु राखिएका छन् ।

६. <u>मूल ऐन धर्मपुत्रको महलमा संशोधन</u> : मूल ऐन धर्मपुत्रको महलको,-

(१) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :-

"२ नं. ॥ ॥ छोरा छोरी हुने लोग्ने मानिस र लोग्ने जीवित हुने वा आफ्नो वा आफ्नो सौता जोसुकै पट्टी भए पनि छोराछोरी हुने स्वास्नी मानिस बाहेक अन्यले लिखत गरी धर्मपुत्र वा धर्मपुत्री राख्न हुन्छ ।"

(२) २ नम्बर पछि देहायका २क. र २ख. नम्बरहरु थपिएका छन् :-

"२क. नं. ॥ ॥ यस महलको २ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेसंग अंश लिई वा मानो छुट्टिई भिन्न बसेकी स्वास्नी मानिसको आफ्नो छोराछोरी छैन भने त्यस्ती स्वास्नी मानिसले धर्मपुत्र वा धर्मपुत्री राख्न पाउँछे ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

549

२ख. नं. ॥ ॥ यस महल बमोजिम एक पटक धर्मपुत्र वा धर्मपुत्री भएकालाई पुनः धर्मपुत्र वा धर्मपुत्री दिन हुँदैन। दिएको भए पनि बदर हुन्छ।"

(३) ९ख. र ९ग. नम्बरहरुको सट्टा देहायका ९ख. र ९ग. नम्बरहरु राखिएका छन् :-

"९ख. नं. ॥ ॥ धर्मपुत्र वा धर्मपुत्री हुने र राख्नेको उमेर कम्तीमा तीस वर्ष फरक हुनु पर्छ।

९ग. नं. ॥ ॥ धर्मपुत्र वा धर्मपुत्रीको हक छोराछोरी सरह हुन्छ। धर्मपुत्र वा धर्मपुत्रीले आफूलाई जन्माउने बाबुपट्टिको अंशमा दावी गर्न पाउँदैनन्।"

(४) १० नम्बरको ठाउँ ठाउँमा रहेको "बालक" भन्ने शब्दको सट्टा "बालबालिका" भन्ने शब्द राखिएको छ र सोही नम्बरमा रहेको "जारी गरी जन्माएको भए बाबुको र त्यस बालकको अंश आमाको दाइजो पेवा अंश समेत पाल्नेलाई दिलाई दिनु पर्छ। यसै महलको ४ नम्बर बमोजिम धर्मपुत्र नठहर्नेमा त्यस्तो दिलाई दिएको सम्पत्ति त्यस बालकको हुन्छ।" भन्ने वाक्यांशहरु झिकिएका छन्।

(५) ११ र १२ नम्बरहरुको सट्टा देहायको ११ र १२ नम्बरहरु राखिएका छन् :-

"११ नं. ॥ ॥ ऐनको रीत पुऱ्याई धर्मपुत्र वा धर्मपुत्री राखिसकेपछि कुनै खास कारण नभई बदर गर्नु हुँदैन। धर्मपुत्र वा धर्मपुत्री बस्नेले धर्मपुत्र वा धर्मपुत्री राख्नेलाई खान लाउन नदिने, घरको सम्पत्तिको हेरचाह नगरी दुरुपयोग गर्ने, शारीरिक वा मानसिक यातना दिने जस्ता कार्य गरेमा धर्मपुत्र वा धर्मपुत्री राख्नेले त्यस्ता धर्मपुत्र वा धर्मपुत्री बदर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न पाउँछन् । बदर हुने धर्मपुत्र वा धर्मपुत्रीले जन्माउने बाबुपट्टिको अंश पाउँछन् । लेखिएका कारण नभई धर्मपुत्र वा धर्मपुत्री राख्नेले खान लाउन नदिई घरबाट निकाला गरेमा वा शिक्षा, स्वास्थ्योपचारको व्यवस्था गरेन भने त्यस्तो धर्मपुत्र वा धर्मपुत्रीले धर्मपुत्र वा धर्मपुत्री राख्नेसंग छोराछोरी सरह अंश गरी लिन पाउँछन् ।

१२ नं. ॥ ॥ एउटा मात्र छोरा वा छोरी हुनेले धर्मपुत्र वा धर्मपुत्री दिन हुँदैन । दिएको भए पनि बदर हुन्छ ।"

(६) १२क. नम्बर पछि देहायको १२ख. नम्बर थपिएकोछ :-

"१२ख. नं. ॥ ॥ यस महल बमोजिम श्री ५ को सरकारले विदेशी नागरिकलाई धर्मपुत्र वा धर्मपुत्री राख्ने स्वीकृति दिंदा त्यस्तो विदेशी नागरिक रहेको देशको कानूनमा धर्मपुत्र वा धर्मपुत्रीलाई छोराछोरी सरह हक हुने व्यवस्था भएमा मात्र धर्मपुत्र वा धर्मपुत्री राख्न स्वीकृति दिनेछ ।"

७. <u>मूल ऐन अपुतालीको महलमा संशोधन</u> : मूल ऐन अपुतालीको महलको,-

(१) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :-

"२ नं. ॥ ॥ यस महलको अन्य नम्बरहरुको अधीनमा रही अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरुले अपुताली पाउँदैन । मर्नेको छोरा नभई बिधवा बुहारी भएमा निजले छोरा सरह अपुताली पाउँछे । त्यस्ता कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी र निजहरु पनि नभए त्यस्तो अपुताली ऐन बमोजिमको हकवालाले पाउँछन् ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ३ नम्बरको सट्टा देहायको ३ नम्बर राखिएको छ :-

"३ नं. ॥ ॥ भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराका छोरा वा निजको अविवाहिता छोरीले हेरचाह नगरी विवाहिता छोरी वा छोरी ज्वाइँ वा त्यस्ता छोरी ज्वाइँका छोरा वा अविवाहिता छोरीले स्याहार सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा, सासु, ससुरा वा बाजे, बज्यैको अपुताली पाल्ने विवाहिता छोरी, छोरी-ज्वाइँ वा नाति नातिनाले पाउँछन्। अरु हकवालाले पाउँदैनन्।"

(३) ६ नम्बरको ठाउँ ठाउँमा रहेका "छोरा" भन्ने शब्दपछि "अविवाहिता छोरी" भन्ने शब्दहरु थपिएका छन्।

(४) ७ नम्बरको सट्टा देहायको ७ नम्बर राखिएको छ :-

"७ नं. ॥ ॥ भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी वा छोराका छोरा वा अविवाहिता छोरीले हेरचाह नगरी एकै बाबुबाट जन्मिएका दाजुभाई वा दिदीबहिनीले स्याहार सम्भार गरी पालेका रहेछन् भने त्यसरी पालेका दाजुभाई वा दिदीबहिनीको अपुताली पाल्ने दिदीबहिनी वा दाजुभाईले पाउँछन्। अरु हकवालाले पाउँदैनन्।"

(५) ९ नम्बरको ठाउँ ठाउँमा रहेको "छोरा" भन्ने शब्दपछि "अविवाहिता छोरी" भन्ने शब्दहरु थपिएका छन्।

(६) १० नम्बरको ठाउँ ठाउँमा रहेको "छोरा" भन्ने शब्दपछि "अविवाहिता छोरी" भन्ने शब्दहरु थपिएका छन् र सोही नम्बरको दोस्रो हरफमा रहेको "एक" भन्ने शब्दको सट्टा "कुनै" भन्ने शब्द राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५४४

(७) ११ नम्बरको सट्टा देहायको ११ नम्बर राखिएको छ :-

"११नं. ॥ ॥ यस महलको अन्य नम्बरहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि अपुताली पर्दा मर्नेको स्याहार सम्भार नजिकको हकवालाले नगरी अन्य व्यक्तिले गरेको रहेछ भने त्यस्तो व्यक्तिको अपुतालीको चलमा सबै र अचलमा आधासम्म स्याहार सम्भार गर्नेले र बाँकी आधा ऐन बमोजिम हकवालाले पाउँछ ।"

(८) १२ नम्बरको ठाउँ ठाउँमा रहेको "भाई" भन्ने शब्दपछि "वा अविवाहिता बहिनी" भन्ने शब्दहरु थपिएका छन् ।

(९) १२ नम्बरपछि देहायको १२क. नम्बर थपिएको छ :-

"१२क. नं. ॥ ॥ यस महलको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपुताली पाएकी अविवाहिता छोरीको विवाह भएमा निजले खाईलाई बाँकी रहेको अपुताली सम्पत्ति निजका माइतीपट्टिका हकवालाको हुनेछ ।"

(१०) १९ नम्बरको सट्टा देहायको १९ नम्बर राखिएको छ :-

"१९ नं. ॥ ॥ कसैले कुनै रिस इवीले कसैलाई मारेमा सो मार्ने वा निजका सन्तानले सो मर्ने वा निजको सन्तानको अपुताली खान पाउँदैन ।"

८. <u>मूल ऐन लेनदेन व्यवहारको महलमा संशोधन</u> : मूल ऐन लेनदेन व्यवहारको महलको ९ नम्बरको ठाउँ ठाउँमा रहेका "छोरा वा स्वास्नी" भन्ने शब्दहरुको सट्टा "छोरा, अविवाहिता छोरी वा स्वास्नी" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४५

९. मूल ऐन ज्यान सम्बन्धी महलमा संशोधन : मूल ऐन ज्यान सम्बन्धी महलको,-

(१) २८ नम्बरको सट्टा देहायको २८ नम्बर राखिएको छ :-

"२८ नं. ॥ ॥ कसैले गर्भ तुहाएमा वा गर्भ तुहाउने नियतले वा गर्भ तुहिन सक्तछ भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कुनै काम गर्दा गर्भ तुहिन गएमा निजलाई देहाय बमोजिम सजाय हुनेछ ..............................................

बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद ......१
पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद...१
पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद ..........................................................१"

(२) २८ नम्बरपछि देहायका २८क. र २८ख. नम्बरहरु थपिएका छन् :-

"२८क. नं. ॥ ॥ कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाइ फकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन वा गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गर्न गराउनु हुँदैन । त्यसरी गर्भपतन गराउने र भ्रूणको लिङ्ग पहिचान गर्ने गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद र लिङ्गको आधारमा गर्भपतन गर्ने गराउनेलाई थप एक वर्ष कैद हुन्छ ।

२८ख. नं. ॥ ॥ यस महलको २८ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा श्री ५ को सरकारले तोके बमोजिमको प्रक्रिया अपनाई निर्धारित योग्यता पूरा गरेका इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले गर्भपतन गराएकोमा यस महल बमोजिम गर्भ तुहाएको मानिने छैन ..............................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्भ बोक्ने महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपात गरेकोमा ........................................ १

जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ त्यस्तो गर्भ बोक्ने महिलाको मञ्जुरीले गर्भपात गराएकोमा ............२

गर्भपात नगराएमा गर्भ बोक्ने महिलाको ज्यानमा खतरा पुग्न सक्तछ वा निजको स्वास्थ्य शारीरिक वा मानसिक रुपले खराब हुन सक्तछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने प्रचलित कानून बमोजिम योग्यता प्राप्त चिकित्सकको राय भई त्यस्तो महिलाको मञ्जुरीले गर्भपात गराएकोमा .................................................३"

(३) ३२ नम्बरको सट्टा देहायको ३२ नम्बर राखिएको छ :-

"३२ नं. ॥ ॥ यस महलको २९ नम्बर बमोजिमको कसूर स्वास्नी मानिस गर्भवती छ भन्ने कुरा जानी जानी थाहा पाई गरेको रहेछ भने पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा तीन महिना र पच्चीस हप्ता नाघेको गर्भ तुहिएमा छ महिना कैद गर्नु पर्छ। गर्भवती छ भन्ने कुरा नजानी गरेको रहेछ भने पच्चीस हप्तासम्मको गर्भ भए पाँच सय रुपैयाँ र पच्चीस हप्ताभन्दा बढीको गर्भ भए एक हजार रुपैयाँ जरिवाना गर्नु पर्छ।"

१०. मूल ऐन जबरजस्ती करणीको महलमा संशोधन : मूल ऐन जबरजस्ती करणीको महलको,-

(१) ३ नम्बरको सट्टा देहायको ३ नम्बर राखिएको छ :-

"३ नं. ॥ ॥ जबरजस्ती करणी गर्नेलाई देहाय बमोजिम कैद सजाय हुनेछ ......................

दश वर्षभन्दा मुनीको बालिकालाई भए दश वर्षदेखि पन्ध्र वर्षसम्म ....................................... १



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दश वर्ष वा सो भन्दा माथि सोह्र वर्ष मुनीको बालिकालाई भए सात वर्षदेखि दश वर्षसम्म .... २

सोह्र वर्ष वा सो भन्दा माथिको महिलालाई भए पाँच वर्ष देखि सात वर्षसम्म........................३"

(२) ३ नम्बरपछि देहायको ३क. नम्बर थपिएको छ :-

"३क. नं. ॥ ॥ महिलालाई सामुहिक रुपमा जबर्जस्ती करणी गर्ने वा गर्भवती, असक्त वा अपाङ्ग महिलालाई जबर्जस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नु पर्छ।"

(३) ४ नम्बरमा रहेका "एक वर्ष" भन्ने शब्दहरुको सट्टा "तीन वर्ष" र "चौध वर्ष" भन्ने शब्दहरुको सट्टा "सोह्र वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

(४) ९ नम्बर पछि देहायको ९क. नम्बर थपिएको छ :-

"९क.नं. ॥ ॥ कसैले कुनै नाबालकसंग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबर्जस्ती करणी गरेको मानी यसै महलको ३ नम्बर बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्का समेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्छ।"

(५) १० नम्बरमा रहेका "जिउताभर भोग गर्न" भन्ने शब्दहरु झिकिएका छन्।

(६) १० नम्बरपछि देहायका १०क. र १०ख. नम्बरहरु थपिएका छन् :-

"१०क. नं. ॥ ॥ यस महल अन्तर्गतको कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नी मानिसको बयान गराउँदा महिला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रहरी कर्मचारीले गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्नेछ ।

१०ख. नं. ॥ ॥ यस महल अन्तर्गत कुनै मुद्दाको कारबाही चल्दा सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित स्वास्नी मानिस र निजको संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र इजलासमा उपस्थित हुन सक्नेछन् ।"

११. मूल ऐन हाडनातामा करणी गर्नेको महलमा संशोधन : मूल ऐन हाडनातामा करणी गर्नेको महलको १ नम्बरमा रहेका "त्यस्ता दिदी, बहिनी वा छोरी आफ्नो लोग्नेको सत्य छोडी बिग्रेकी रहिछ भने त्यस्तीको करणी गर्नेलाई सो सजायको आधा सजाय हुन्छ ।" भन्ने वाक्यांश झिकिएको छ ।

१२. मूल ऐन पशु करणीको महलमा संशोधन : मूल ऐन पशु करणीको महलको,-

(१) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :-

"२ नं. ॥ ॥ कसैले स्त्रीजाति चौपायामध्ये गाईको करणी गरेमा निजलाई दुई वर्षसम्म कैद र गाई बाहेक अरु चौपायाको करणी गरेमा एक वर्षसम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिबाना हुन्छ ।"

(२) ४ नम्बरमा रहेका "तीन महिनासम्म कैद वा एक सय रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "एक वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल ऐन विहावरीको महलमा संशोधन : मूल ऐन विहावरीको महलको,-

(१) २ नम्बरको सट्टा देहायको २ नम्बर राखिएको छ :-

"२ नं. ॥ ॥ विहावरी गर्दा महिला र पुरुषको उमेर संरक्षकको मन्जुरी भए अठार वर्ष र संरक्षकको मन्जुरी नभए वीस वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन। विवाह गरे गराएमा सो गर्ने गराउनेमध्ये उमेर पुगेका मुख्यलाई देहाय बमोजिम हुन्छ.......................................................................

दश वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने छ महिनादेखि तीन वर्षसम्म कैद र एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ............................................................ १

दश वर्ष देखि माथि चौध वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ ............................................................ २

चौध वर्षदेखि माथि अठार वर्ष नपुगेकी स्वास्नी मानिसको विवाह गरे गराएको रहेछ भने छ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ........................................ ३

बीस वर्ष उमेर नपुगेको स्वास्नी मानिस वा लोग्ने मानिसको विवाह गरे गराएको रहेछ भने छ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ........................................ ४

ऐनले विवाह गर्न पाउने हदभित्रको हो भनी ढाँटी विवाह गरे गरिदिएको नजानी विवाह गर्ने गराउनेलाई सजाय हुँदैन ................................ ५

माथि दफा दफामा लेखिए बमोजिम विवाह गर्न गराउन नहुनेमा जानी जानी विवाहको काम गर्ने पुरोहित, लमी र अरु मद्दतीहरुमध्ये उमेर पुगेकोलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

520

एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ............................................ ६

यस नम्बरको माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि विवाह भने भई नसकेको रीत दस्तुर पुऱ्याई छिनीसम्म सकेको रहेछ भने सो कुरा छिन्ने मुख्यलाई पाँच सय रुपैयाँसम्म जरिबाना गरी छिनी सकेको कुरा बदर गरिदिनु पर्छ .............. ७

माथि १, २, ३ र ४ दफा बमोजिम भएको जरिबाना तिरे लिई सो जरिबाना त्यसै बालिका, स्वास्नी मानिस वा लोग्ने मानिसलाई दिनु पर्छ। नतिरेमा सो जरिबाना हुने व्यक्तिको मात्र अंश जायजात गरी उपर भएकाबाट सो लागेको जरिबानाको अङ्क जति सो बालिका, स्वास्नी मानिस वा लोग्ने मानिसलाई दिनु पर्छ। जायजातबाट सो जरिबाना उपर हुन नसके उपर नभएको जरिबानाको रुपैयाँ जतिमा तीन महिनासम्म कैद गर्नु पर्छ ..................... ८

लोग्ने मानिस वा स्वास्नी मानिसमध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछन् भने अठार वर्ष उमेर नपुगी विवाह भएकोले अठार वर्ष पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ ................... ९"

(२) ८ नम्बरको सट्टा देहायको ८ नम्बर राखिएको छ :-

"८ नं. ॥ ॥ सधवा, बिधवा वा सम्बन्ध विच्छेद भइसकेकी स्वास्नी मानिसलाई कन्या हो भनी वा विवाहित, बिदूर वा सम्बन्ध विच्छेद भइसकेको लोग्ने मानिसलाई विवाह भएको थिएन भनी ढाँटी विवाह भएकोमा त्यसरी झुक्यानमा परी विवाह गर्नेले मञ्जुर नगरे विवाह बदर हुन्छ। त्यस्तो विवाह गर्ने गराउने मुख्यमध्ये उमेर पुगेकोलाई दश हजार रुपैयाँसम्म जरिबाना गरी त्यसरी झुक्यानमा पर्नेलाई दिलाई दिनु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) ९ नम्बरमा रहेका "विवाह भएको दश वर्षभित्र सन्तान नभएमा वा नरहेमा" र "१० वा १०क. नम्बर" भन्ने शब्दहरुको सट्टा क्रमश: "स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा" र "१० नम्बर" भन्ने शब्दहरु राखिएका छन् ।

(४) १० नम्बरमा रहेका "एक महिनादेखि दुई महिनासम्म कैद र एक हजार रुपैयाँदेखि दुई हजार रुपैयाँसम्म जरिबाना समेत हुनेछ" भन्ने शब्दहरुको सट्टा "एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना समेत हुनेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

(५) ११ नम्बरमा रहेका "६ र ७ नम्बरका" भन्ने शब्दहरुको सट्टा "७ नम्बरका" भन्ने शब्दहरु राखिएका छन् ।

१४. <u>मूल ऐन जारीको महलमा संशोधन</u> : मूल ऐन जारीको महलको,-

(१) १ नम्बरमा रहेका "निजको मञ्जुरीले करणी गरेमा वा स्वास्नी बनाउन भगाई लगेमा" भन्ने शब्दहरुको सट्टा "स्वास्नी बनाउन लगेमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ३ नम्बरमा रहेका "१० दफाले" भन्ने शब्दहरुको सट्टा "९ दफाले" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ५ नम्बरमा रहेका "स्वास्नी मानिस पोइल जाँदा स्वास्नी मानिसले" भन्ने शब्दहरुको सट्टा "स्वास्नी मानिसले अर्को विवाह गरी जाँदा" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. खारेजी : मूल ऐनको देहायका महलका देहायका नम्बरहरु खारेज गरिएका छन् :-

(१) अंशबण्डाको महलको १०क. नम्बर

(२) स्त्री अंशधनको महलको ६ नम्बर

(३) धर्मपुत्रको महलको १, ४, ४क., ५, ६, ७, ८, ९ र ९क. नम्बरहरु

(४) अपुतालीको महलको ४, ५, ८, १३ र १४ नम्बरहरु

(५) ज्यान सम्बन्धी महलको ३१ नम्बर

(६) जबरजस्ती करणीको महलको ७ नम्बर

(७) हाडनातामा करणी गर्नेको महलको ७ र ८ नम्बरहरु

(८) विहावरीको महलको ६ नम्बर

लालमोहर सदर मिति: २०५९।६।१०।५

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

524